Prudential
INSURANCE CO. LTD.
प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि.

ISO 9001-2015 CERTIFIED ORGANISATION

पत्र संख्याः ०७८/७९- १३७१

मितिः २०७९/०१/१५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
भद्रकाली प्लाजा, सिंहदरवार, काठमाण्डौं ।

विषयः २०औं वार्षिक साधारण सभाको निर्णय विवरण पठाइएको वारे ।

महोदय,

यस कम्पनीको मिति २०७९ साल बैशाख ११ गते सम्पन्न भएको २०औं वार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिकाको प्रतिलिपि तथा २०औं वार्षिक प्रतिवेदन जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

आनन्द बाबु खड्का
कम्पनी सचिव

संलग्नः उपरोक्त वमोजिम ।

## प्रुडेन्सियल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
## बीसौं बार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिका (माइन्युट)

१. **वैधानिक सभा :**

यस प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.ब. २०७७/०७८ को वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (१) बमोजिम मिति २०७९ साल बैशाख ११ गते आईतबार दिनको १२:३० बजे बस्ने भनी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना प्रकाशित गरी निम्न लिखित मिति, समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, विषय सूची, उपस्थिति, गणपुरक संख्या, वैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, शेयरधनीहरुबाट राखिएका जिज्ञासा, सुझावहरुको सूचिकरण, प्रश्नोत्तर र सभाको निर्णयहरु समेतको काम कारवाहीको देहाय बमोजिम अभिलेख गरियो ।

२. **साधारण सभाको स्थान, मिति र समय:**

स्थान : दियालो लर्डस प्लाजा, बीरगञ्ज, पर्सा ।
मिति : २०७९ साल बैशाख ११ गते आईतबार तद्नुसार २४ अप्रिल, २०२२ ।
समय : अपरान्हको १२:३० बजे प्रारम्भ भै दिनको २:०० बजे सम्पन्न ।

३. **साधारण सभा सम्बन्धी सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने स्थान, मिति र छलफल गर्ने बिषय सूची तथा साधारण सभा सम्बन्धी विस्तृत विवरण सहितको सूचना राष्ट्रिय दैनिक आर्थिक अभियान दैनिकमा मिति २०७८/१२/१७ र राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा मिति २०७९/०१/०३ मा प्रकाशित गरिएको थियो ।

४. **छलफलका बिषय सूची :**

४.१. सामान्य प्रस्ताव:

४.१.१ आ. व. २०७७/७८ को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
४.१.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको बासलात तथा सोही मितिमा समाप्त आ.ब. २०७७/७८ को नाफा-नोक्सान तथा आय व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
४.१.३ आर्थिक वर्ष २०७८/७९ का लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४.१.४ संचालक समितिबाट प्रस्तावित रु. ४०,८४,११९/- नगद लाभांश पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ)

४.२. विशेष प्रस्ताव :

४.२.१ संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ५ सय ६० चुक्ता पुंजीको ७% वोनस शेयर (कर बाहेक) पारित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने ।

Prudential Insurance Company Ltd. Kathmandu 2059

४.२.२ कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूंजी रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ५ सय ६० बाट बृद्धि गरी १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ रुपैयां कायम गर्ने सम्बन्धमा । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने,

४.२.३ विशेष प्रस्ताव नं. १ र २ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।

४.२.४ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

४.३. विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री विशाल अग्रवाल | अध्यक्ष |
| २. | श्री अमित अग्रवाल | संचालक |
| ३. | श्री अर्पित अग्रवाल | संचालक |
| ४. | श्री शैलेश संघई | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ५. | श्री अनिता टण्डन | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ६. | डा. बिनोद आत्रेय | संचालक (विज्ञ) |

५.२ व्यवस्थापनको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री श्रवण रावल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री आनन्द बाबु खड्का | कम्पनी सचिव |
| ३. | श्री निरोज कोइराला | मुख्य प्रवन्धक- वित्त |

६. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | ५ | ३५२९८६ | ३.१८ |
| प्रोक्सीबाट | ८३ | ६४५९३४३ | ५८.२७ |
| जम्मा प्रतिनिधित्व | ८८ | | |
| जम्मा शेयर संख्या | | ६८१२३२९ | ६१.४५ |

७. सभा संचालन तथा सभाको वैधानिकता:

७.१ सभाको संचालन:

सभामा सहभागी हुने शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, एवं आमन्त्रित गन्यमान्य व्यक्तिहरुलाई कम्पनीका तर्फबाट स्वागत तथा अभिवादन गर्दै मर्यादाक्रम अनुसार आशन ग्रहणका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले अनुरोध गर्नु भयो ।

Kathmandu 2059

७.२ **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम ४.३ अनुसार कम्पनीको बीसौं बार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ बमोजिम कम्पनीको कुल चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु पर्नेमा ६१.४५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ८८ जना शेयरधनीहरु उपस्थित भइसक्नु भएकोले कानूनत: सभामा गणपुरक संख्याको उपस्थिति भई सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले सभालाई जानकारी गराउनु भयो ।

८. **सभाको सभापतित्व:**

सभाको वैधानिकता घोषणा पश्चात् वार्षिक साधारणसभाको सभापतित्व गर्नका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले संचालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । सो पश्चात अध्यक्ष श्री विशाल अग्रवालज्यूले सभाको सभापतित्व ग्रहण गरी सभाको विधिवत् उद्घाटन गर्नुभयो ।

९. **संचालक समितिका तर्फबाट बीसौं बार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाको पुर्व निर्धारित छलफलको विषय नं. १ को प्रस्ताव अनुसार सभाको सभापतित्व गर्नु भएका संचालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूले संचालक समितिको तर्फबाट आ. व. २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

१०. छलफलका लागि आव्हान :

आ. व. २०७७/७८ को बीसौं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन पेश भए पश्चात् उक्त प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित आ.ब. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह बिवरण उपर छलफल गर्न सभापतिको अनुमति लिई कम्पनी सचिवले सभामा उपस्थित इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभयो ।

त्यस पश्चात, कम्पनीका संस्थापक शेयरधनी श्री सुमित अग्रवालज्युबाट कम्पनी अन्य कुनै उपयुक्त कम्पनीसंग मर्जरमा जाने हो वा होइन? मर्जर सम्बन्धी एजेण्डा किन नल्याइएको हो? यस सम्बन्धी कम्पनीको के धारणा रहेको छ? भनी सोध्नु भएको प्रश्नको उत्तरमा सञ्चालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूबाट कम्पनीको मिति २०७१/०२/१६ गते शुक्रवार, होटेल भिष्वा, वीरगञ्ज, पर्सामा सम्पन्न भएको बाह्रौं वार्षिक साधारण सभाको विशेष प्रस्ताव नं. ४.२.४. बाट पारित यस कम्पनी तथा अन्य कुनै इन्स्योरेन्स कम्पनी एक आपसमा मर्ज (गाभ्ने/गाभिने) हुने सर्न्दभमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets ) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत मर्ज (गाभ्ने/गाभिने) हुन आवश्यक सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा मर्ज (गाभ्ने/गाभिने) कार्य गर्नको लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिइएको र उक्त पारित प्रस्ताव हालसम्म कायम रहेको

हुंदा पहिलेकै पारित प्रस्ताव अनुसार अब, आवश्यकतानुसार पुन: सञ्चालक समिति मातहतमा एक समिति गठन गर्ने जानकारी सभामा जानकारी गराउनु भयो ।

त्यसैगरी, सर्वसाधारण शेयरधनीका तर्फबाट उपस्थित हुनुभएका शेयरधनी श्री अशोक उप्रतीले वार्षिक प्रतिवेदनमा सुधार गर्नको लागि रायसुझाव दिनुका साथै, यस कम्पनी अन्य कम्पनीसंग मर्जरमा जानु नहुने यसले आफनो छुट्टै पहिचानका साथ अगाडी बढ्नु पर्छ भन्ने भनाई राख्दै वार्षिक साधारण सभा सफलताको शुभकामना समेत दिनुभयो ।

११. सभाको निर्णयहरु :

११.१ संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
संचालक समितिका तर्फबाट अध्यक्ष श्री विशाल अग्रवालज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

११.२ कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आषाढ ३१, २०७८ को बासलात तथा आर्थिक बर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय बिबरणहरु सम्बन्धमा ।
कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७७/७८ को बासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित भयो ।

११.३ आर्थिक बर्ष २०७८/७९ को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
कम्पनीको आर्थिक बर्ष २०७८/७९ को लेखापरिक्षणको लागि श्री के.जे. एण्ड एशोसियट्स (चार्टड एकाउन्टेन्टस्) लाई निम्न पारिश्रमिक दिने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र. सं. | शुल्क | २०७८/७९ (वार्षिक रु.) |
|---|---|---|
| १. | लेखापरिक्षण | २,१५,०००।०० |
| २. | कर लेखापरिक्षण | ५०,०००।०० |
| ३. | विस्तृत लेखापरिक्षण प्रतिवेदन | १७,५००।०० |
| ४. | दफा ७८ प्रमाणित शुल्क | १७,५००।०० |
| | जम्मा | ३,००,०००।०० |

११.४ संचालक समितिबाट प्रस्तावित रु. ४०,८४,११९/- नगद लाभांश पारित गर्ने । (प्रस्तावित बोनस शेयर कर प्रयोजनार्थ)
संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ४०,८४,११९/- नगद लाभांश सर्वसम्मतीबाट पारित गरियो ।

११.५ संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ५ सय ६० चुक्ता पुंजीको ७% बोनस शेयर (कर बाहेक) पारित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने ।

संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ५ सय ६० चूक्ता पूंजीको ७ प्रतिशत बोनस शेयर (कर बाहेक) परित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

११.६ कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूंजी रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ५ सय ६० बाट बृद्धि गरी १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ रुपैयां कायम गर्ने सम्बन्धमा । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने,
कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी १ अर्ब १० करोड ८५ लाख ४६ हजार ५ सय ६० बाट वृद्धि गरी रु. १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ रुपैयां पुरयाउने । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

११.७ विशेष प्रस्ताव नं. १ र २ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।
विशेष प्रस्ताव नं. १ र २ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

११.८ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरवदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।
कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरवदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :
सभाका सभापति श्री विशाल अग्रवालज्यूले बीसौं वार्षिक साधारण सभामा सहभागी भई सभा सफलतापूर्वक संचालन गर्न सहयोग पुऱ्याउनु भएका शेयरधनी महानुभावहरु, बुद्धिजीवी तथा विशिष्ट अतिथि, निर्वाचन अधिकृत लगायत कर्मचारीहरुलाई धन्यवाद दिनु हुदै वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

आनन्द बाबु खड्का
कम्पनी सचिव

विशाल अग्रवाल
अध्यक्ष